# स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन गर्नको लागि बनेको कार्यविधि २०७७

प्रस्तावना : पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको सम्वृद्धिको लागि स्थानीय उद्यमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो विकासको लागि यस क्षेत्रमा बस्तुहरुको व्यवस्थित उत्पादन , गुणस्तर तथा मूल्य निर्धाधरण तथा नियन्त्रण , आवश्यक बजार तथा स्रोत साधनको खोजी लगायतका उद्यमशीलताका सम्पूर्ण क्रियाकलापहरुलाई पालिकास्तरीय संरचना मार्फत एक द्वार प्रणालीबाट सन्चालन गरी गाउँपालिकाको समग्र आर्थिक विकास र उद्यमशिलताको विकास गर्न बान्छनीय भएकोले यो ऐन मिति २०७७/०७/०३ कार्यपालिकाको बैठकबाट पारित गरी जारी गरीएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन गर्नको लागि बनेको ऐन २०७७ रहनेछ ।
२. यो ऐन मिति २०७७/०७/०३ गतेबाट लागू हुनेछ ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ,

( क ) ऐन भन्नाले स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन गर्नको लागि बनेको ऐन २०७७ रहनेछ ।
( ख ) समिति भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठन भएको पालिका स्तरीय स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन गर्नको लागि बनेको समितिलाई जनाउनेछ ।
( ग ) कार्यपालिका भन्नाले पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकालाई वुझाउनेछ ।

( घ ) गाउँपालिका भन्नाले पाँचपोखरी थाङ्गपाल गाउँपालिकालाई वुझाउनेछ ।

(ङ) अध्यक्ष भन्नाले स्थानीय सरकार सन्चालन ऐन २०७४ बमोजिम गठित यस पाँचपोखरी थाङ्गपाल गाउँपालिकाका अध्यक्षलाई वुझाउनेछ ।

( च ) उप समिति भन्नाले वडा स्तरमा गठित दफा ७ बमोजिमको उप समिति सम्झनु पर्दछ ।

( छ ) उत्पादक भन्नाले यस पालिका भित्र कुनै पनि किसिमको उपभोग्य बस्तु उत्पादन गर्ने व्यक्तिलाई वा संस्थालाई वुझाउनेछ ।

( ज ) उद्यमी भन्नाले नाफा कमाउने उद्देश्य राखि आय आर्जन हुने गरी आफ्नो उत्पादनलाई व्यावशायिकीकरण गर्दै फर्म वा व्यवशाय दर्ता गरी उपभोग्य बस्तु तथा सेवा उत्पादन एवं विक्री वितरण गर्ने पक्षलाई वुझाउनेछ ।

( झ )  स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन कोष भन्नाले स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन गर्न एवं यस क्षेत्रमा उत्पन्न हुने जोखिम व्यवस्थापन गर्न स्थापना भएको कोषलाई सम्झनु पर्दछ ।

(ञ)   वडा समिति भन्नाले स्थानीय सरकार सन्चालन ऐन २०७४ मा व्यवस्था भए बमोजिमको स्थानीय तहको वडा समितिलाई बुझाउँछ ।

(ट)   वडा अध्यक्ष भन्नाले स्थानीय सरकार सन्चालन ऐन २०७४ मा व्यवस्था भए बमोजिमको स्थानीय तहको वडा समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

# परिच्छेद २

# गाउँपालिका स्तरीय समिति तथा वडा स्तरीय उप समितिको  गठन , पदावधि , विघटन र वर्खास्ती तथा संयोजक सम्वन्धी व्यवस्था

४. गाउँपालिका स्तरीय समितिको गठन : यस समितिमा प्रत्येक वडामा फर्म वा व्यवशाय दर्ता गरी उपभोग्य वस्तु उत्पादन गरिरहेका उद्यमी मध्ये एक वडाबाट एक जना छनौट हुने गरी गाउँकार्यपालिकाको बैठकबाट निर्णय भई अध्यक्षबाट नियुक्त आठ जना सदस्य रहनेछन । उक्त आठ जना सदस्यहरुले आफु मध्येबाट एक जना अध्यक्ष , एक जना कोषाध्यक्ष छनौट गर्नु पर्नेछ । सदस्य सचिव गाउँपालिकाको सामाजिक विकास शाखा हेर्ने प्रमुख कर्मचारी रहने छ । उक्त समिति , उद्यमी , उत्पादक र गाउँकार्यपालिका बीच आवश्यक समन्वय गर्न कायैपालिकाले सिफारिस गरेको कार्यपालिकाको एक जना सदस्य संयोजक रहनेछ ।

५. दफा ४ अनुसार नियुक्त संयोजकको मुख्य काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क)  गाउँकार्यपालिका वा गाउँसभा समक्ष समितिले गरेको निर्णय बमोजिमका प्रस्तावहरु प्रस्तुत गर्ने

ख)  समितिले तयार पारेको अर्धवार्षिक तथा वार्षिक प्रतिबेदन गाउँकार्यपालिकामा प्रस्तुत गर्ने

ख)  गाउँसभा वा गाउँकार्यपालिकाको बैठकमा भएका समितिसँग सम्वन्धित निर्णयको कार्यान्विन गराउने तथा सो सम्वन्धी आवश्यक अनुगमन गर्ने

ग)  समितिको बैठकमा उपस्थित भई आवश्यक सल्लाह , सुझाब र गाउँकार्यपालिकाको निर्णय अनुसार निर्देशन दिने

घ)  संयोजक समक्ष प्राप्त उपभोक्ता वा उद्यमीका लिखित वा मौखिक गुनासाहरु माथि समितिको बैठकमा निणयार्थ पेश गर्ने व्यवस्था मिलाउने ।

ङ)  समितिको नाममा उपभोक्ता , उत्पादक वा उद्यमीले गर्ने गुनासोको दर्ता गर्ने तथा त्यसको सुनबाहीको आवश्यक व्यवस्था मिलाउने ।

६. दफा ४ अनुसार नियुक्त भएको संयोजक आफू कार्यपालिकाको सदस्यबाट हटे स्वतः सोही मितिबाट र कार्यपालिकाले हटाउने निर्णय गरे निर्णय भएको जानकारी निजलाई गराएको मितिबाट पदमुक्त हुनेछ ।

७. वडा स्तरीय उप समितिको गठन : प्रत्येक वडामा रहेका उद्यमीहरुको भेलाबाट आफू मध्ये तीन जनाको एउटा वडा स्तरीय उप समिति गठन गरिनेछ । उक्त भेला वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा र समितिको कुनै सदस्यको उपस्थितिमा आयोजना गर्नु पर्ने छ । उक्त तीन जना मध्ये एक जना अध्यक्ष र दुई जना सदस्य रहने गरी तीन जनाको सर्वसम्मत वा दुई जनाको वहुमतले चयन गर्नु पर्नेछ तर अध्यक्ष चयनमा दुई जनाको एक मत नभई तीनै जनाको मत भिन्न भएमा यस विषयमा गाउँपालिका स्तरीय समितिले गरेको निर्णय बमोजिम हुनेछ । यसरी चयन भएका अध्यक्ष र सदस्यहरुलाई वडा अध्यक्षले नियुक्ति पत्र दिनु पर्ने र सो को जानकारी पालिका स्तरीय समितिलाई दिनुपर्ने छ ।

८. समिति तथा उप समितिका सदस्यहरुको पदावधि : माथि दफा ४ र दफा ७ मा उल्लेख भएको समिति तथा उप समितिको अध्यक्ष वा सदस्यहरुको पदावधि नियुक्ति मितिले ५ वर्षको हुनेछ ।

**९. समितिका पदाधिकारी तथा सदस्यहरुको वर्खास्ती तथा समितिको विघटन**

देहायको अवस्थामा समितिको विघटन तथा पदाधिकारीरुको वर्खास्त गरिनेछ ।

क) कार्यविधिमा भएको व्यवस्थाको उल्लंघन गरेमा , समितिको निर्णयको पालना नगरेमा , उत्पादकहरुलाई अनावश्यक जानाजान नोक्सान पुग्ने कार्य गरेमा वा समितिको विनियममा उल्लेखित आचार संहिताको उल्लंघन गरेमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिकाको अध्यक्षले समितिको जुनसुकै पदाधिकारी वा सदस्यलाई बर्खास्त गर्न सक्नेछ । समितिले गरेको काम समग्रतामा यस ऐनर विनियम विपरित छ भन्ने गाउँकार्यपालिकालाई लागेमा त्यस्तो निर्णय संसोधन गर्न वा खारेज गर्न कार्यापालिकाबाट निर्देशनात्मक वा आदेशात्मक निर्णय गर्न सक्नेछ । उक्त निर्णय वा निर्देशनको पालना नगरेमा त्यस्तो समिति विघटन गरी कार्यपालिकाले दफा ४ बमोजिम पुन : नयाँ समिति चयन गर्न सक्नेछ ।

१०. उप समितिको पदाधिकारी तथा सदस्यहरुको वर्खास्ती : देहायको अवस्थामा उप समितिका अध्यक्ष वा सदस्यहरुको वडा समितिको निर्णय समोजिम वडा अध्यक्षले हटाउन वा वर्खास्ती गरी सो पदमा पुन : दफा ७ अनुसार पद पूर्ति गर्न सक्नेछ ।

क) वडामा रहेका उत्पादक र उद्यमी तथा अन्य उपभोक्ताहरुलाई हानी नोक्सानी हुने गरी गैर जिम्मेबारी पूर्वक काम गरेमा

ख) पालिका स्तरीय समितिले गरेको निर्णय र दिएको निर्देशनको उल्लंघन गरेमा

ग) वडा समितिको निर्णय उल्लंघन गरेमा

घ) उप समितिको निर्णय उल्लंघन गरेमा

११. उप समितिको विघटन : गाउँपालिका स्तरीय समितिको निर्देशन , निर्णय र वडा समितिले निर्णय गरी दिएको निर्देशनको उल्लंघन गरी वडामा रहेका उद्यमी , उत्पादक र उपभोक्ता समेतलाई हानी नोक्सानी हुने गरी गैर जिम्मेबारी पूर्वक कामकाज गरेको छ भन्ने कुरामा वडा

समितिको वैठकबाट निर्णय भएमा सो निर्णय बमोजिम वडा अध्यक्षले सो समितिको विघटन गरी पुन : नयाँ उप समितिको गठन गर्नु पर्नेछ । यसरी उप समिति विघटन गर्नु पर्ने पर्याप्त कारण भएर पनि यस दफामा तोकिए बमोजिम वडा अध्यक्षले विघटन नगरेमा सिधै पालिका स्तरीय समितिले विघटन गर्ने निर्णय गरी पुन : गठनको लागि वडालाई पत्राचार गर्न सक्नेछ । यसरी विघटनको लिखित जानकारी उप समितिका सदस्यले पाएको वा सो सम्वन्धी सूचना वडामा टाँस गरेको मितिबाट सो उप समिति विघटन भएको मानिनेछ ।

१२. माथि उल्लेखित दफाहरु बमोजिम समिति वा उप समितिको विघटन भएमा वा पदाधिकारीहरु वा सदस्यहरु बर्खास्त भए पनि निजहरु समिति वा उप समितिमा रहँदा , बस्दाको अवस्थामा निजहरुसँग सम्वन्धित रहेको व्यवहार वा कारोबार वा जिम्मेबारी प्रति निजहरु नै जवाफदेही रहनु पर्नेछ ।

# परिच्छेद ३
# उद्यमशिलता प्रवर्द्धन तथा जोखिम व्यवस्थापन कोषको व्यवस्था

१३. उद्यमीलाई निर्व्याजी वा सहुलियत व्याजदरमा ऋण प्रवाह गर्न तथा व्याबशायको जोखिम न्यूनिकरण गर्न , बीमा लगायतको काम गर्न आवश्यक ऐननिर्माण गरी **उद्यमशिलता प्रवर्द्धन तथा जोखिम व्यवस्थापन कोषको** स्थापना गरिनेछ । यसरी स्थापना गरिने कोषको सन्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. दफा १३ बमोजिमको कोष स्थापना गरी उद्यमीलाई ऋण प्रवाह गर्दा पहिलो तीन वर्ष भित्र ऋण चुक्ता वा फिर्ता गरेमा १ प्रतिशत व्याजमा , चार वर्ष भित्र चुक्ता गरेमा ३ प्रतिशत व्याजमा र पाँच वर्ष भित्र चुक्ता गरेमा ५ प्रतिशत व्याज दरमा ऋण लगानी गर्न सक्नेछ । उक्त अवधि भित्र पनि ऋण चुक्ता नगरे ऋण प्रवाह गर्दा धितो जमानत राखेको उद्यमीको नाममा भएको चल अचल सम्पत्ति वा निजको परिवारको एकाघरको वा निजको जमानत वस्ने व्यक्तिको नाममा भएको चल अचल सम्पत्तिबाट नियमानुसारको सवै रकम कलम जोडी लिलाम वा बेच बिखन गरेर असुल उपर गर्न सक्नेछ ।

# परिच्छेद ४
# गाउँपालिका स्तरीय समितिको काम, कर्तब्य र अधिकार

१५.समितिको काम , कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) समितिले गाउँपालिका भित्र अर्गानिक बस्तुको उत्पादन , संकलन , प्रशोधन र निकासीको लागि आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ । यस क्रममा बाधा अवरोध पुऱ्याउने वा समितिको निर्णय वा यस कार्यविधिको व्यवस्था वा विनियममा उल्लेखित कुराहरुको पालना नगर्ने उत्पादक वा व्यवशायीहरुले पाउने व्यवशायिक वा उत्पादन सँग सम्वन्धित सेवा सुविधा वा सहुलियत लगायतको कुराहरु स्थगन वा रोक्का गर्न गाउँपालिकालाई सिफारीस गर्न सक्नेछ ।

ख) समितिले आफूलाई आवश्यक पर्ने काम गर्नको लागि उपयुक्त विनियम निर्माण गरी लागू गर्न सक्नेछ । तर यसरी विनियम बनाउनु पूर्व

**स्थानीय उद्दमशिलताको विकास , प्रवर्द्धन र बजारीकरणको दिगो व्यवस्थापन गर्नको लागि बनेको कार्यविधि २०७७**

गाउँकार्यपालिकाको सहमति लिई तयार भएको विनियमको नमूना कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

ग) गाउँपालिका भित्र सन्चालन हुने उद्यमशिलता तथा उत्पादन सँग सम्वन्धित योजना एवं कार्यक्रमहरुको बार्षिक योजना निर्माण गर्दा वा कार्यान्वनय गर्दा समितिको समन्वय र मार्गदर्शन बमोजिम हुनु पर्नेछ । यसका लागि सम्वन्धित विषयगत शाखा समेतले उक्त कार्यको लागि समितिसँग समन्वय गर्नु पर्नेछ ।

घ) पाँचपोखरी थाङपाल गाउँपालिका भित्र उत्पादित वस्तु तथा उत्पादनहरुको गुणस्तर निर्धारण तथा नियन्त्रण गर्ने ।

ङ) गाउँपालिका भित्र उत्पादित वस्तु तथा उत्पादनहरुको मूल्य निर्धारण तथा नियन्त्रण गर्ने ।

च) गाउँपालिका भित्र उत्पादित वस्तु तथा उत्पादनहरुको बजारीकरणका लागी गाउँपालिका भित्रकै स्थानिय तथा बाह्य बजारमा सहकार्य तथा समन्वय गर्ने गरी आवश्यक बजार पहिचान गर्ने र उक्त बजार सम्मको सम्बन्ध विस्तार गर्ने ।

छ) गाउँपालिका भित्र उद्दमशिलताको विकास तथा प्रर्वधनका लागी उद्दमीहरुलाई सिपमुलक तथा उद्दमशिलता विकाश र व्यवसायीक योजना निर्माण सम्वन्धी तालिमको व्यवस्था गर्ने र यसको लागी सरोकारवाला निकाय र कम्पनीहरुसँग सहकार्य गर्ने ।

ज) उत्पादित वस्तु तथा सेवाको मूल्यमा आउने विवादहरुको निरुपण गर्ने ।

झ) उद्दमशिलतासँग सम्वन्धित कार्यमा गाउँपालिकाको सिफारिसमा सम्वन्धित निकायसँग सम्झौता र समन्वय गर्ने ।

ञ) वडास्तरिय उपसमितिको काम र कियाकलापहरु अनुगमन गर्ने र आवश्यक निर्देशन दिने ।

ट) उत्पादक र उत्पादित वस्तुको अभिलेखीकरणका लागी उत्पादकको परिचय पत्र सहितको पासवुक व्यवस्थापन सम्वन्धी आवश्यक काम गर्ने ।

ठ) उद्दमीहरुका लागी उपलव्ध हुन सक्ने अवसरका लागी गाउँपालिका समक्ष वा अन्य निकाय समक्ष सिफारिस गर्ने ।

ड) समितिको निर्णय विपरित वा यस कार्यविधिको अवमूल्यन वा अपहेलना हुने गरी उद्यमशिलता सम्वन्धी काम गर्ने जुनसुकै फर्म वा व्यवशायीहरुको नविकरण स्थगन गर्न वा त्यसको लागि स्थानीय तहबाट उपलब्ध गराईने

सेवा सुविधा रोक्न वा दर्ता खारेजीको लागि गाउँकार्यपालिकालाई सिफारीस गर्ने

ढ) स्थानीय उत्पादनलाई ब्राण्डिङ गर्ने

ण) यस पालिका भित्रका उत्पादित वस्तु तथा सेवाको प्रदर्शनी र विक्रि वितरणको लागि काठमाण्डौ उपत्यकामा कम्तीमा एउटा प्रदर्शनी गृह सन्चालनको व्यवस्था मिलाउने ।

त) सम्भब भए सम्म सामूहिक रुपमा हुने उत्पादन कार्यलाई वढावा दिने र गुणस्तर कायम हुन सक्ने गरी वडा वडामा , टोल टोलमा , बस्ती बस्तीमा र घरघरमा हुने उत्पादनलाई उपयुक्त बजार सम्म पुऱ्याउने कुराको ग्यारेन्टी गर्ने ।

थ) स्थानीय स्तरमा नै उपलब्ध हुने कच्चा पदार्थ एवं शीपको प्रयोगलाई प्राथामिकता दिई त्यसबाट विस्थापित हुन सक्ने आयातित बस्तुको सूची तयार गरी सो सम्वन्धी आवश्यक कार्य योजना बनाई आवश्यक कार्य अघि वढाउन स्वीकृतिको लागि गाउँकार्यपालिकामा पेश गर्ने र गाउँकार्यपालिकाको निर्णय र निर्देशन अनुसार प्रक्रिया अघि वढाउने ।

द) स्थानीय स्तरमा सन्चालनमा रहेका व्यावशायलाई आवश्यक पर्ने कच्चा पदार्थ लगायतका सामाग्रीहरु संकलन गरी सम्वन्धित व्यावशायीलाई उपलब्ध गराउन सहजीकरण गर्ने

द) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५

# उत्पादित वस्तुको मूल्य निर्धारण सम्वन्धी व्यवस्था :

**१६.** स्थानिय स्तरमा उत्पादित वस्तुको समितिले स्थानीय मुल्य निर्धारण गर्ने र उक्त बस्तु समितिले अर्को पक्षलाई बिक्री गरे पछि सोबाट प्राप्त भएको समितिको सवै खर्च कटाएर हुन आउने नाफा रकम मध्ये ५ प्रतिशत रकम उद्यमशिलता प्रवर्द्धन तथा जोखिम व्यवस्थापन कोषमा र बाँकी रकम समितिको नाममा रहने उद्यमशिलता व्यवस्थापन कोषमा जम्मा गर्नु पर्नेछ । उद्यमशिलता व्यवस्थापन कोषमा रहेको रकम पालिका स्तरीय समितिको निर्णय अनुसार व्यवस्थापन सम्वन्धी जुनसुकै कार्यमा खर्च गर्न सक्नेछ ।

१७. दफा १६ बमोजिम वस्तु तथा सेवाको मूल्य निर्धारण गर्ने कार्य समय समयमा बस्ने गाउँपालिका स्तरीय समिति र वडा स्तरीय उपसमितिको बैठकमा छलफल एवं निर्णय भए बमोजिम हुनेछ । यसरी मूल्य निर्धारण गर्दा उत्पादक एवं उद्यमीहरुको हितलाई विशेष प्राथामिकता दिनु पर्नेछ ।

**१८. उत्पादित वस्तुको मुल्य निर्धारण सम्वन्धी व्यवस्था :** राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा छोटो समयमा वा दिनदिनै मुल्य परिवर्तन हुने वस्तुको हकमा सोहि वमोजिम र अन्य कृषीजन्य तथा अन्य उत्पादित वस्तु तथा सेवाको स्थानिय मूल्य समितिले कम्तीमा एक साता भरी लागू हुने गरी पूर्बबत रुपमा नै घोषणा गर्नु पर्नेछ ।

# परिच्छेद ६

# उद्यमशिलता व्यवस्थापन कोष र समितिको कार्यहरुको नियमन र अनुगमन सम्वन्धी व्यवस्था

१९. उद्यमशिलता व्यवस्थापन कोष तथा समितिको सम्पूर्ण कार्यहरुको नियमन र अनुगमन गर्न दफा ४ बमोजिम नियुक्ती पाएको संयोजकको संयोजकत्वमा गाउँकार्यपालिकाको निर्णय अनुसार कार्यपालिकाका सदस्यहरु मध्येबाट एक जना संयोजक, स्थानीय उद्यमी मध्येबाट एक जना सदस्य र प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी एक जना सदस्य सचिब रहने गरी तीन सदस्यीय अनुगमन तथा नियमन समिति रहनेछ । यसरी गठित अनुगमन तथा नियमन समितिले आफ्नो प्रतिबेदन चौमासिक रुपमा गाउँकार्यपालिकामा संयोजक मार्फत प्रस्तुत गनु पर्नेछ ।

२०. अनुगमन तथा नियमन समितिका संयोजक र गाउँकार्यपालिकाको निर्णय अनुसार नियुक्ती पाएको सदस्यको पदावधी कार्यपालिकाले हटाउने निर्णय नगरे नियुक्ति पाएको मितिले ३ बर्षको हुनेछ ।

# परिच्छेद ७

# समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्था

२१. समितिको वैठक समितिको अध्यक्षको अध्यक्षतामा बस्नेछ र निजको अनुपस्थितीमा निजले तोकेको अन्य सदस्यको अध्यक्षतामा बस्नेछ ।

२२. समितिको वैठक कम्तिमा महिनाको एकपटक र आवश्यक्ता अनुसार थप वैठकहरु बस्न सक्नेछ ।

२३. समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ ।

२४. वैठकमा विना जानकारी ३ पटक भन्दा वढी अनुपस्थिती हुने पदाधिकारीलाई समितिले बर्खास्तका लागी गाउँकार्यपालिका समक्ष सिफारीस गर्न सक्नेछ ।

२५. समितिको बैठमा हुने निर्णयमा सहमत नहुने सदस्यले आफ्नो असहमति लिखित रुपमा निर्णय पुस्तिकामा उल्लेख गर्न पाउनेछ

२६. दफा ४ बमोमिका समितिका सदस्य वा कर्मचारीको सेवा सुविधा , बैठक भत्ता लगायतका कुराहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## वडा स्तरीय उप समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्थाः

२७. वडा स्तरीय उप समितिको बैठक उप समितिको अध्यक्षको अध्यक्षतामा सन्चालन हुने छ

२८. उपसमितिको बैठक उपसमितिकै अध्यक्षको अध्यक्षतामा बस्नेछ र उक्त बैठक बोलाउने तथा निर्णय लेख्ने तथा निर्णय पुस्तिका सुरक्षित राख्ने जिम्मेबारी निजकै हुनेछ ।

२९. उप समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ । मत बाझिएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ । तीनै जनाको फरक मत भएमा सो विषय गाउँपालिका स्तरीय समितिमा लेखि पठाउनु पर्नेछ । उक्त विषयमा पालिका स्तरीय समितिले निर्णय गरे बमाजिम हुनेछ ।

## परिच्छेद ९
## खाता सञ्चालन सम्बन्धी व्यवस्था

२९. समितीको आर्थिक कारोवार व्यवस्थित र पारदर्शी बनाउनका लागि समितिको बैंक खाता गाउँपालिकाले तोकेको बैंकमा खोल्नु पर्नेछ ।

३०. समितिको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सन्चालन हुनेछ ।

३१. समितिको आर्थिक कारोवार पारदर्शी राख्न हरेक वर्ष गाउँपालिकाले तोकेको लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ ।

३२. समितिको खाताको रकम समितिको निर्णय बिना जस्तो सुकै परिस्थिति परे पनि खर्च गर्न वा लेख्न पाईने छैन । यस्तो गरेको पाईएमा गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार बर्खास्ती गरिनेछ । साथै कुनै सदस्यले कुनै पनि गैर जिम्मेबारी काम गरेमा उक्त कार्यको लागि निज नै जिम्मेबार रहने छ ।

## परिच्छेद १०
## गाउँपालिका स्तरीय समितिका अध्यक्ष , कोषाध्यक्ष , सचिव र सदस्यहरुको काम , कर्तव्य र अधिकार :

३३. **अध्यक्षको काम, कर्तब्य र अधिकारः**

क) समितिको वैठक वोलाउने र समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्ने गराउने ।

ख) वडास्तरिय उपसमितिको काम र क्रियाकलापहरु अनुगमन गर्ने , आवश्यक निर्देशन दिने ।

ग) समितिका अन्य सदस्य एबं पदाधिकारीहरुलाई काम एवं जिम्मेबारी तोक्ने ।

घ) गाउँपालिका र अन्य निकायसँग आवश्यक समन्वय गर्ने ।

**३४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

क) समितिको कोष व्यवस्थापन गर्ने ।

ख) समितिको आर्थिक कारोवारको लेखा राख्ने र गाउँपालिकाले तोकेको लेखा परिक्षकबाट लेखा परिक्षण गराउने ।

ग) समितिका सदस्यहरुले जानकारी मागेको वखत बैठकमा आर्थिक विवरण उपलब्ध गराउने ।

**३५. सचिवको काम, कर्तवय र अधिकारः**

क) अध्यक्षको निर्देशन अनुसार समितिको बैठक बोलाउने ,  निर्णय लेख्ने ।

ख) समितीको कारोवारको विवरण, प्रगती विवरण र वार्षिक प्रतिवेदन तयार गर्ने र अध्यक्षको निर्देशन अनुसार प्रतिबेदन गाउँपालिकमा पेश गर्ने ।

**३६. सदस्यको काम, कर्तब्य र अधिकारः**

क) समितिको निर्णय अनुसारको जिम्मेवारी वहन गर्ने ।

ख) समितिको पदाधिकारीले कुनै अनियमित काम गरे निजहरुको विरुद्धमा कार्यपालिकामा प्रमाण सहित उजुरी गर्ने ।

# परिच्छेद ११
# विविध

३७. गाउँपालिकाले स्थानीय उद्यमशिलताको विकास वा पूर्वाधार निर्माण वा विकास निर्माण सम्वन्धी कुनै पनि कार्यको लागि कुनै नेपाली नागरिक वा स्वदेशी  फर्म वा  अन्य कुनै स्वदेशी सरकारी वा गैर सरकारी संघ , संस्था  वा निकायसँग साझेदारीको रुपमा काम गर्न आवश्यक ठानेमा सो सम्वन्धमा गाउँकार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी बहु वर्षीय लगानी साझेदारको रुपमा लगानी गर्न सक्नेछ ।

३८. स्थानीय उद्यमशिलताको विकास र गाउँपालिकाको सम्वृद्धिको लागि यस गाउँपालिकाले गाउँपालिका भित्रै वा पालिका क्षेत्र वाहिर कुनै व्यक्ति वा संघ संस्थाको जग्गा लिज करार

सम्झौता गरी सो जग्गामा आफैले वा सो जग्गा अरु कुनै स्वदेशी नागरिक वा स्वदेशी फर्म , कम्पनी वा अन्य कुनै नेपालका सार्वजनिक निकायलाई पुन : लिजमा दिन वा त्यस्तो जग्गामा उल्लेखित पक्षहरुसँग साझेदारको रुपमा कम्पनी दर्ता गरी साझेदारको रुपमा लगानी गर्न सक्नेछ ।

३९. गाउँपालिकाको क्षेत्र भित्र कुनै सार्वजनिक जग्गा बाँझो रहेमा उक्त जग्गामा प्रचलित कानून बमोजिम प्रक्रिया पुऱ्याई सम्वन्धित निकायको स्वीकृती लिएर उक्त जग्गामा आवश्यक उत्पादन मुलक काम गर्न गराउन सक्नेछ ।

४०. गाउँपालिका भित्रका कुनै पनि किसिमको बालीनाली वा बोट विरुवा लगाउन योग्य जमिन १ वर्ष भन्दा वढी समय सम्म उपयोग विहिन बनाई राखेमा उक्त जग्गा बाँझो नराख्न सम्वन्धित जग्गा धनीलाई गाउँपालिकाले सूचना जारी गर्नेछ । उक्त सूचना प्राप्त गरे पछि पनि जग्गा बाझै रोखेमा वा सो जग्गाको सदुपयोग नभएमा त्यस्तो जग्गा सम्वन्धित जग्गा धनीको सहमतिमा न्यूतम भाडा दरमा गाउँपालिकाले पहिलो पटकलाई कम्तीमा २० वर्षका लागि लिज करार गरी उत्पादन कार्यमा लगाउन सक्नेछ । तर उक्त जग्गा सम्वन्धित धनीले उपयोग पनि नगर्ने र उपयोगको लागि लिज करारमा पनि गाउँपालिकालाई नदिई जग्गा बाझै राखेमा त्यस्तो जग्गामा गाउँसभाबाट पारित गरी उच्च दरको मालपोत असुल गरिनेछ ।

४१. यो ऐन नेपालको प्रचलित संघीय कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य वा खारेज हुनेछ ।

४२. समितीको काम कारवाई व्यवस्थित र योजनाद्ध रुपले लैजान समितिले आफ्नो बैठकबाट निर्णय गराई तयार पारेको हरेक ३ महिनामा कार्य विवरण, हरेक ६ महिनामा प्रगती विवरण र हरेक वर्ष वार्षिक प्रतिवेदन गाउँकार्यपालिकामा संयोजकले पेश गर्नु पर्नेछ ।

४३. यस ऐनको कार्यन्वयन गर्न गाउँकार्यपालिकाले तत्काल आवश्यक निर्णय गर्न वा नियमावली, कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्ने छ ।